सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री नृपध्वज निरौला

माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

आदेश

मुद्दा नं. ०८३-WO-०४९४

मुद्दाः उत्प्रेषण।

दानबहादुर कार्की .....निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार समेत.....प्रत्यर्थी

नियमबमोजिम अन्तरिम आदेश छलफलका लागि इजलाससमक्ष पेश हुन आएको निवेदनसहितको मिसिल अध्ययन गरी निवेदककातर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री राधेश्याम अधिकारी, श्री बद्रीबहादुर कार्की, श्री सतिसकृष्ण खरेल, श्री पूर्णमान शाक्य, डा. श्री दिनमणी पोखरेल, श्री अमर थापा, श्री ललितबहादुर बस्नेत, श्री केदारप्रसाद कोईराला र विद्वान् अधिवक्ताहरु श्री माधवकुमार बस्नेत, श्री टिकाबहादुर कुँवर, श्री सुजाता के.सी., श्री आभास रेग्मी तथा प्रत्यर्थी नेपाल सरकारकोतर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता डा. श्री नारायणदत्त कडेल, विद्वान् नायब महान्यायाधिवक्ताहरु श्री लोकराज पराजुली, श्री खेमराज ज्ञवाली, श्री ध्रुवकुमार चौहान, विद्वान् सहन्यायाधिवक्ताहरु श्री दिनेशप्रसाद घिमिरे, श्री सोमकान्ता भण्डारी, प्रत्यर्थी श्री मनोजकुमार के.सी.को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट तथा विद्वान् अधिवक्ताहरु डा. श्री सुभाष आचार्य, श्री अपूर्व खतिवडा, श्री संजिवराज रेग्मी र प्रत्यर्थी प्रहरी प्रधान कार्यालयकोतर्फबाट विद्वान् अधिवक्ता श्री करुणाकर मल्लिकले गर्नुभएको बहस समेत सुनियो।

यसमा निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, प्रत्यर्थीमध्येका डा. मनोजकुमार के.सी. नेपाल सरकारको मिति २०८३।०७।१८ को

निर्णयानुसार प्रहरी महानिरीक्षक पदमा बढुवा भई सोही दिन नियुक्ति बुझी सो पदको कार्यभार सम्हालीसकेको भन्ने मिसिलबाट देखिएको, निवेदकले अन्तरिम आदेशको माग गरेको प्रस्तुत विषय देशको शान्ति सुरक्षा कायम गर्ने प्रहरी संगठनको नेतृत्वसँग सम्बन्धित सार्वजनिक महत्वको संवेदनशील विषय भएको र रिट निवेदकले माग गरेको न्यायिक उपचार र उठाएका अन्तरिम आदेशको मागसँग अन्तरनिहित कानूनी प्रश्नहरुको रिट निवेदनको अन्तिम सुनुवाई हुँदा निरुपण र सम्बोधन हुने प्रकृतिको देखिंदा सुविधा सन्तुलनको दृष्टिसमेतबाट निवेदन माग बमोजिम हाल अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन।

माथि उल्लेख भए बमोजिम प्रस्तुत रिट निवेदन राज्यको शान्ति सुरक्षा र प्रहरी संगठनको नेतृत्व र नियन्त्रण प्रणाली (Chain Of Command) सँग सम्बन्धित भई रिट निवेदनमा उठाईएका विषयवस्तुको महत्व, गम्भीरता र संवेदनशीलतातर्फ दृष्टि गर्दा छिटो सुनुवाई र निर्णय हुन वाञ्छनीय देखिएबाट प्रत्यर्थीहरुबाट लिखित परेपछि वा पर्ने अवधि व्यतित भएपछि ७ (सात) दिनभित्रै पेसी चढाई पेसी हटाउन नपाउने पूर्वसूचना दुवै पक्षलाई दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ साल मार्ग ९ गते रोज ४ शुभम्.....।